# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९ ) काठमाडौं, असार १४ गते २०५६ साल ( अतिरिक्ताङ्क १५ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम राष्ट्रिय सभाका मनोनित सदस्यहरूमध्येबाट पदावधि समाप्त भै रिक्त हुन आएका तीनवटा सदस्य पदमा निम्नलिखित व्यक्तिहरूलाई मनोनित गरिबक्सेको छ ।

१. श्री रमेशनाथ पाण्डे, काठमाडौं ।
२. श्री ऋषिबाबु परियार, चितवन ।
३. श्री मोहनराज शर्मा चापागाईं, नवलपरासी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

माननीय जनसंख्या तथा वातावरण, विज्ञान तथा प्रविधि, निर्माण तथा यातायात, कानून तथा न्याय र संसदीय व्यवस्था मन्त्री श्री ओमकारप्रसाद श्रेष्ठ जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन २०५६ साल असार १४ गते संयुक्त राज्य अमेरिकाको न्यूयोर्कतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जनसंख्या तथा वातावरण, विज्ञान तथा प्रविधि, निर्माण तथा यातायात, कानून तथा न्याय र संसदीय व्यवस्था मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय वन तथा भू-संरक्षण मन्त्री श्री महन्थ ठाकुरले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५२

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार